# आर्थिक वर्ष २०७६/०७७ को

# विनियोजन ऐन,२०७६

## धुर्कोट गाँउपालिका

### वर्वोट ,गुल्मी

५नं.प्रदेश,नेपाल

# धुर्कोट गाउँपालिकाको विनियोजन ऐन २०७६

## धुर्कोट गाउँपालिकाको आर्थिक बर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७६/३/१०

**प्रस्तावनाः**.धुर्कोट गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम धुर्कोट गाउँपालिकाको गाँउ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)**यस ऐनको नाम " धुर्कोट गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७६/०७७ को निमित्त गाउँ स्तरीय आयोजना तथा कार्यक्रम,वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गरिने सेवा कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च पूँजीगत खर्चको रकम समेत गरि जम्मा रकम रु४२,७३,२३,०००।-(बयालीस करोड त्रिहत्तर लाख तेइस हजार) मा नवढाई निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषवाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाँउ स्तरीय आयोजना तथा कार्यक्रम,वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाँउ स्तरीय आयोजना तथा कार्यक्रम,वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाँउकार्यपालिकाले वचत हुने शिर्षकवाट नपुग हुने शिर्षकमा रकम रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शिर्षकवाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नवढ्ने गरि कुनै एक वा एक भन्दा वढि शिर्षकहरुवाट अर्को एक वा एक भन्दा वढि शिर्षकमा रकमान्तर तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तिय व्यवस्थापन तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याँज भुक्तानी खर्च शिर्षकमा वाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतवाट अर्को श्रोतमा रकमान्तर गर्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्नु परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगतखर्च** | **वित्तियव्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | गाउँपालिका स्तरीय आयोजना तथा कार्यक्रम | २४,०४,००,००० | १५,६३,२३,००० | ० | ३९,६७,२३,००० |
| २ | | वडागत आयोजना तथा कार्यक्रम | ० | ३,०६,००,००० | | ३,०६,००,००० |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ४ | | लगानी (शेयर/ऋण) | | | | |
| कुल जम्मा | | | २४,०४,००,००० | १८,६९,२३,००० | | ४२,७३,२३,००० |